# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।२६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नापी कार्यालय बिरगंज पर्सामा कार्यरत सर्भेक्षक राम प्रमोद राउत र नापी टोली आदर्शनगर पानी ट्याङ्की बिरगंजमा कार्यरत कार्यालय सहयोगी अरुण प्रसाद उपाध्यायले छुट जग्गा दर्ता गर्नका लागि सेवाग्राहीसँग बिभिन्न बहाना बनाई रु.१,००,०००।- (एक लाख रुपैयाँ) घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज सर्भेक्षक राम प्रमोद राउत र कार्यालय सहयोगी अरुण प्रसाद उपाध्यायलाई सेवाग्राहीबाट रु.१,००,०००।- (एक लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित मिति २०८२।०८।०२ गते नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा **नापी कार्यालय पर्साका सर्भेक्षक राम प्रमोद राउत र कार्यालय सहयोगी अरुण प्रसाद उपाध्याय** समेतको आपसी मिलेमतो तथा योजनामा जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं. २५ स्थित कि.न.५५ क्षेत्रफल ०,००६४ बर्ग मिटर जग्गा छुट जग्गा दर्ता गर्न सहजीकरण गरिदिने भनी सो प्रयोजनको लागि सेवाग्राहीसँग रु.१,००,०००।– घुस/रिसवत माग गरी लिएको स्थापित भएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,००,०००।- (एक लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी